**कोहलपुर नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड: ०६ संख्या: ०८ मिति: २०७९/०९/०१**

**भाग - ०२**

**कोहलपुर नगरपालिका**


## कोहलपुर नगर प्रहरी (पहिलो संशोधन) नियमावली, २०७९

कोहलपुर नगर प्रहरी नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नगर प्रहरी ऐन (दोश्रो संसोधन), २०७७ को दफा १३ (१) ले दिएको अधिकार प्रयोग गरी कोहलपुर नगरपालिका नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो नियमावलीको नाम “कोहलपुर नगर प्रहरी (पहिलो संशोधन) नियमावली, २०७९” रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **कोहलपुर नगर प्रहरी नियमावली, २०७९ को परिच्छेद ९ नियम ५२ मा संशोधन:** मूल नियमावलीको परिच्छेद ९ नियम ५२ को सट्टा देहायको नियम ५२ राखिएको छ।

**५२. तलब भत्ता र विमा :** (१) नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मिति देखि तलब भत्ता पाउनेछ। तलव भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भएता पनि ऐन बमोजिम करार सेवामा कार्यरत वा स्थायी प्रहरी कर्मचारीको हकमा समेत सम्पूर्ण प्रहरी कर्मचारीको बिमा नगरपालिकाले गरिदिने। यदि बिमा म्याद सकिएको वा बिमा नगरेको अवधिमा कुनै पनि प्रहरी कर्मचारी कर्तव्य पालनको समयमा दुर्घटना वा चोटपटक लागी घाईते भएमा नेपालमा हुने उपचार खर्च नगरपालिकाले व्यहोरने

नेपालमा उपचार हुन नसकी छिमेकी देशमा लैजान परेमा अस्पतालको एवं एम्बुलेन्सको खर्च उपलब्ध गराउने ।

(३) उप-नियम (२) बमोजिम दुर्घटना वा चोटपटक लागी अस्पतालमा भर्ना हुनु परेमा सो अवधिको बढीमा १ महिना विशेष विरामी बिदा उपलब्ध गराउन सकिने । सो भन्दा बढी अवधिको गयलकट्टी हुने ।

(४) उप-नियम (२) बमोजिम  उपचार खर्च बढीमा ३ लाख वा बिल बमोजिम जुन कमी हुन्छ सो उपलब्ध गराउने ।

**प्रमाणीकरण मिति:**
**मिति: २०७९/०८/२९**

**आज्ञाले**
**टिकाराम ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**